# आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

**नगर सभा अध्यक्षज्यू,**

१. कर्णाली प्रदेश गाउँ सभा तथा नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३२ को उपदफा १ बमोजिम लेकवेशी नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट प्रस्तुत गर्न यस सम्मानित नगर सभामा उपस्थित भएको छु ।

२. यस अवसरमा मुलुकको अखण्डता, सार्वभौमसत्ता, स्वाधिनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र र सामाजिक न्यायका लागि विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने वीर वीरगंना शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । नागरिकहरुका सर्वोच्च अधिकार प्राप्तिका क्रममा बेपत्ता तथा घाईते योद्वाहरु, आन्दोलनको नेतृत्व गर्ने अग्रजहरु प्रति उच्च सम्मान र विशेष स्मरण गर्न चाहन्छु । नगरपालिकाको समुन्नति र विकासको लागि विगत र वर्तमानमा योगदान पुर्याउनुहुने सम्पूर्ण अग्रज, बुद्धिजीवी एवम् समस्त नगरबासी प्रति प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

३. नेपालको संविधानमा उल्लिखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, राष्ट्रले लिएको **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय आकाङ्क्षा, कर्णाली प्रदेश सरकारको **"समृद्ध कर्णाली, सुखारी कर्णाली बासी"** भन्ने दिर्घकालिन सोचलाई आत्मसाथ गर्दै लेकवेशी नगरपालिकाले लिएको **"लेक र वेशीको संगमको आधार, कृषि, शिक्षा, स्वास्थ्य र रोजगार सहितको पूर्वाधार"** भन्ने दिर्घकालिन सोच पुरा गर्नुलाई बजेट निर्माणको मार्गदर्शन सिद्धान्तका रूपमा लिएको छु ।

४. यस सम्मानित नगरसभामा पेश गरेको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता, नीति तथा कार्यक्रमको जगमा उभिएर बजेट तर्जुमा गरिएको छ । योजनाबद्ध र दिगो विकास गर्दै नगरपालिकाको आर्थिक, सामाजिक, रूपान्तरण सहितको स्वस्थ, सभ्य र सु-संस्कृत समाजको निर्माण गर्नु यस बजेटको लक्ष्य रहेको छ ।

५. स्थानीय तहको अधिकार क्षेत्र, नेपालको संविधान, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरुलाई आधारको रुपमा लिदै आगामी आ.व. २०८३/०८४ को बजेट तर्जुमा गर्दा निम्न आधारमा गरेको छु ।

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

(ख) स्थानीय तहको योजना तथा बजेट तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७८

(ग) अर्थ मन्त्रालयबाट जारी स्थानीय तहमा बजेट तर्जुमा मार्गदर्शन,

(घ) महालेखा नियन्त्रक कार्यालयबाट जारी एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४,

(ङ) आन्तरीक राजश्व,

(च) संघीय सरकार र प्रदेश सरकारबाट उपलब्ध गराइएको बजेट सीमा र मार्ग निर्देशन

(छ) दिगो विकासका लक्ष्यहरू,

(ज) नेपाल सरकारको १६औं योजना र कर्णाली प्रदेश सरकारको आवधिक योजना,

(झ) लेकवेशी नगरपालिकाको आवधिक योजना,

(ञ) नगरपालिकाका पदाधिकारीजयूहरू, क्रियाशिल राजनीतिक दल, विषयगत शाखा, नीजि क्षेत्र, शिक्षक, बुद्धिजीवी, उद्योगी, व्यवसायी र नागरिक समाज तथा विकास साझेदार संघ/संस्थाहरुबाट प्राप्त राय सुझावहरू।

**नगर सभा अध्यक्षज्यू,**

अब म चालु आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रमको समिक्षा पेश गर्ने अनुमति चाहन्छु ।

६. लेकवेशी नगरपालिकाको चालु आ.व. २०८२/०८३ को संशोधित सहित रू. ६२ करोड ९८ लाख ८२ हजार ६ सय प्रस्तुत भएको थियो । चालु आ.व. को जेठ मसान्त सम्म चालु तर्फ ६६.२३ प्रतिशत र पुँजीगत तर्फ ३७.७३ प्रतिशत खर्च भई समग्रमा ५७.६४ प्रतिशत खर्च भएको छ ।

७. चालु आ.व.को जेठ मसान्त सम्म आन्तरिक आय संकलन रू. १ करोड २१ लाख ३२ हजार ४ सय ७९ रूपैयाँ भएको छ । जुन लक्ष्यको तुलनामा ३९ दशमलव ७९ प्रतिशत रहेको छ ।

**नगर सभा अध्यक्षज्यू,**

अब म आगामी आर्थिक वर्षको बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

बजेटका उद्देश्य देहाय बमोजिम रहेका छनः

(क) यस नगरपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरूबाट निःशुल्क आधारभूत र आकस्मिक स्वास्थ्य सेवाहरू प्रभावकारी रूपमा उपलब्ध गराउने ।

(ख) यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा निःशुल्क शिक्षाको व्यवस्था, गुणस्तरीय शिक्षा एवं सिकाई उपलब्धि बढाउने र विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने ।

(ग) कृषि क्षेत्रलाई जलवायुमैत्री, आधुनिकीकरण, विविधिकरण, व्यावसायिकरण गरि उत्पादन र उत्पादकत्व वृद्धि गर्न बाँझो जग्गाको प्रयोग गर्ने, बेरोजगार युवालाई कृषि पेशामा आकर्षित गर्ने ।

(घ) नगर कार्यपालिका, वडा कार्यालय र स्वास्थ्य संस्थाहरूबाट प्रवाह गरिने सेवालाई व्यवस्थित, प्रभावकारी, पारदर्शी, प्रविधिमैत्री, नतिजामुखी, सेवाग्राहीमैत्री र चुस्तदुरूस्त बनाउन दक्ष जनशक्ति र उपलब्ध स्रोत साधनको समुचित प्रयोग गरी सुशासनको प्रत्याभूति गराउने ।

(ङ) स्थानीय तहको अधिकार क्षेत्र भित्र नगरपालिकाले लगाउन र उठाउन पाउने कर प्रणालीमा सुधार गर्ने ।

(च) जलवायुमैत्री, समानतामूलक, समतामूलक तथा वातावरणमैत्री स्थानीय शासन पद्धति अवलम्बन गरी दिगो विकास, सामाजिक न्याय र वातावरण संरक्षणलाई संस्थागत गर्ने ।

(छ) स्थानीय तहका योजना, कार्यक्रम तथा सेवा प्रवाहमा जलवायु अनुकूलन, समावेशिता, समान अवसर र हरित विकासका सिद्धान्तलाई एकीकृत गर्दै नागरिकमैत्री शासन प्रणालीको विकास गर्ने ।

(ज) ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरूको संरक्षण, संवर्द्धन र विकासमा जोड दिने ।

(झ) नगरपालिकाको सामाजिक, भौतिक र आर्थिक विकासको लागि लगानीमैत्री वातावरण सिर्जना गरी साझेदार संस्था, नीजि क्षेत्रको मनोबल उच्च पार्ने र आय आर्जनका अवसरहरू सिर्जना गरी गरिबी न्यूनिकरण गर्ने ।

**बजेटका प्राथमिकताहरू देहाय बमोजिम रहेका छनः**

(क) सम्पूर्ण स्वास्थ्य संस्थाहरूबाट निःशुल्क आधारभूत र आकस्मिक स्वास्थ्य सेवा
(ख) गुणस्तरीय तथा व्यावसायिक शिक्षा,
(ग) कृषि क्षेत्रलाई जलवायुमैत्री, व्यावसायिकरण, आधुनिकीकरण, विविधिकरण, बजारीकरण
(घ) प्रधानमन्त्री रोजगार, मुख्यमन्त्री रोजगार तथा अन्य रोजगारमूलक योजना सिर्जना गरी बेरोजगारी न्यूनिकरण
(ङ) संस्थागत सुशासन र सेवा प्रवाहलाई चुस्तदुरूस्त बनाउन नगर कार्यपालिकाको कार्यालय तथा मातहतका विभिन्न कार्यालयहरूको व्यवस्थापन,
(च) वित्तीय क्षेत्र सुधारको लागि आन्तरिक आम्दानी संकलन तथा परिचालन,
(छ) जलवायुमैत्री, बालमैत्री, समतामूलक, वातावरणमैत्री स्थानीय शासन पद्धति कार्यान्वयन,
(ज) ऐतिहासिक, धार्मिक पर्यटकीय स्थलहरूको संरक्षण, संवर्द्धन र विकास,
(झ) गुणस्तरीय शिक्षा र दिगो भौतिक पूर्वाधार निर्माण,
(ञ) लगानी प्रवर्द्धन, औद्योगिक तथा निजीक्षेत्रको विकास तथा व्यापारमा सन्तुलन,

**नगर सभा अध्यक्षज्यू,**

८. "लेकवेशी नगरपालिकाको योजनाहरूलाई प्रभावकारी, नतिजामूलक तथा सन्तुलित विकास सुनिश्चित गर्ने उद्देश्यले निम्न आधारहरूमा प्राथमिकता दिइएको छः

(क) आर्थिक विकास तथा गरिबी न्यूनीकरणमा प्रत्यक्ष योगदान पुऱ्याउने योजना ।
(ख) उत्पादन वृद्धि गर्ने र छिटो प्रतिफल दिने योजना ।
(ग) राजस्व परिचालनमा योगदान पुऱ्याउने योजना ।
(घ) संस्थागत विकास तथा सुशासन सुदृढीकरणमा सहयोग पुऱ्याउने योजना ।
(ङ) स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने योजना ।
(च) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने योजना ।
(छ) दिगो विकास, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने योजना।
(ज) स्थान विशेषको संस्कृति, पहिचान र सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्ने योजना ।
(झ) स्वास्थ्य क्षेत्रको सुदृढीकरण तथा सेवा विस्तारमा योगदान पुऱ्याउने योजना ।
ञ) क्रमागत तथा अधुरा योजनाहरूको सम्पन्नतामा प्राथमिकता दिने योजना ।

**नगर सभा अध्यक्षज्यू,**

अब, म आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटका क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**कृषि तथा पशुपन्छी विकासः**

९. कृषिलाई आधुनिकीकरण, यान्त्रिकीकरण र व्यावसायीकरण गर्न २५ प्रतिशत अनुदानमा मिनिट्रिलर खरिद कार्यका लागि कृषकहरूको लागत सहभागिता सहित कुल रू. १ करोड ९८ लाख रूपैयाँ र च्यापकटर २५ प्रतिशत अनुदानका लागि रू. २४ लाख रूपैयाँ गरी कुल रू. २ करोड २२ लाख रूपैया विनियोजन गरेको छु ।

१०. "नगरपालिकाको समग्र सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी, जवाफदेही तथा प्रविधिमैत्री बनाउन सूचना व्यवस्थापन तथा अनुगमन आयोजनालाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ । यस अन्तर्गत नगरपालिकाको एकीकृत सूचना व्यवस्थापन प्रणाली सुदृढीकरण, तथ्यांक अद्यावधिक, डिजिटल अभिलेखीकरण, योजना तथा कार्यक्रमको अनलाइन अनुगमन प्रणाली विकास, भौतिक तथा वित्तीय प्रगतिको नियमित समीक्षा तथा सार्वजनिक प्रतिवेदन प्रकाशनका कार्यहरू सञ्चालन गरिने छन्। यस कार्यक्रमका लागि रु. १२ लाख विनियोजन गरिएको छु ।

११. कृषकसँग नगर प्रमुख र माग आधारित कृषि कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१२. सन् २०३० सम्म नेपालबाट उन्मुलन गरिने लक्ष्य राखिएका खोरेत, पिपिआर र रेबिज लगायतका संक्रामक रोग नियन्त्रणका लागि रोगको खोज पड्ताल एवम् खोप अभियान सञ्चालन तथा व्यवस्थापन, औषधी खरिद कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१३. "कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यका साथ माटो स्वास्थ्य सुधार, उन्नत बीउ उत्पादन तथा वितरण प्रणाली सुदृढीकरण, कृषि सूचना प्रकाशन, उन्नत बीउ उपयोगको अनुगमन तथा निरीक्षण, साथै धान र गहुँ बालीमा उन्नत तथा प्रमाणित बीउ प्रयोग गर्ने कृषकलाई अनुदान उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिनेछ । यी कार्यक्रममार्फत दिगो कृषि विकास, खाद्य सुरक्षा तथा कृषकको

आयस्तर अभिवृद्धिमा योगदान पुऱ्याइने अपेक्षा लिएको छ ।" यसका लागि रु. १९ लाख बजेट विनियोजन गरेको छ ।

१४. "कृषि तथा पोषण क्षेत्रलाई एकीकृत रूपमा विकास गर्ने उद्देश्यले राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत सञ्चालित पकेट विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषणमैत्री स्थानीय शासन प्रवर्द्धनका गतिविधि सञ्चालन गरी पोषणयुक्त खाद्य उत्पादन, उपभोग तथा पोषण सुरक्षामा टेवा पुऱ्याइनेछ । यस कार्यक्रमका लागि रु. ९ लाख बजेट विनियोजन गरेको छ ।"

१५. "पशुपन्छीमा देखिने महामारीजन्य तथा आकस्मिक रोगको समयमै पहिचान, नियन्त्रण र व्यवस्थापनका लागि महामारी/आकस्मिक रोग नियन्त्रण तथा NAHIS रिपोर्टिङ कार्यक्रम सञ्चालन गरिनेछ । यस अन्तर्गत रोग निगरानी, नमूना संकलन, प्राविधिक परिचालन, औषधि तथा खोप व्यवस्थापन, आकस्मिक प्रतिक्रिया तथा राष्ट्रिय पशु स्वास्थ्य सूचना प्रणाली (NAHIS) मा नियमित प्रतिवेदन तथा सूचना अद्यावधिक गर्ने कार्यलाई सुदृढ बनाइनेछ। यस कार्यक्रमका लागि आवश्यक २ लाख बजेट विनियोजन गरेको छ ।"

**भूमि व्यवस्था र सहकारीः**

१६. नगरपालिका क्षेत्र भित्र रहेका भूमिहिन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको लगत संकलन कार्य भैसकेको छ । सो कार्यलाई निरन्तरता दिन कार्यालयबाट सूचना प्रवाह गरिएकोले विगत आयोग, कार्यदल, समिति मार्फत हाल सम्म सम्पन्न हुन नसकेका अधुरा कार्यलाई भूमि समस्या समाधान आयोगसँग आवश्यक समन्वय गरी कार्य गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।

१७. पालिकाको क्षेत्राधिकार भित्र पर्ने सहकारी संस्थाहरूलाई चुस्त दुरुस्त बनाउनका लागि आवश्यक तालिम तथा कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छ।

**सभा अध्यक्षज्यू,**

**रोजगार, उद्यम विकास तथा नवप्रवर्द्धनः**

१८. लघु तथा घरेलु उद्यम विकासको लागि आन्तरिक रोजगारी सिर्जना/ प्रवर्द्धनका क्रियाकलाप सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१९. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत आवश्यकता, पहिचानका आधारमा पुर्नताजगी, एडभान्स सीप विकास तालिम कार्यक्रम र नयाँ लघु उद्यमी सिर्जनाका लागि कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२०. मुख्यमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिँदै रोजगारमुलक योजना तथा कार्यान्वयन कार्यक्रम मार्फत युवाहरूको विदेश पलायन हुने दर घटाउनको लागि रोजगारमूलक काम गर्न रू. १ करोड ५० लाख विनियोजन गरेको छु ।

२१. “स्थानीयस्तरमा दिगो तथा मर्यादित रोजगारीका अवसर सिर्जना गरी बेरोजगारी न्यूनीकरण गर्न रोजगार प्रवर्द्धन तथा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । सीप विकास, स्वरोजगार, उद्यमशीलता तथा श्रममूलक रोजगारका कार्यक्रममार्फत युवाशक्तिलाई उत्पादनशील क्षेत्रमा आबद्ध गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन रु १६ लाख रकम विनियोजन गरेको छु ।

२२. पकेट विकास कार्यक्रमका लागि रू. ६ लाख विनियोजन गरेको छु ।

२३. “व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीलाई थप प्रभावकारी, व्यवस्थित र सेवाग्राहीमैत्री बनाउन नगरपालिकामा कार्यरत एम.आई.एस. अपरेटर तथा फिल्ड सहायकको सेवा निरन्तरताका लागि आवश्यक बजेट व्यवस्था गरेको छु । घटना दर्ता तथा पञ्जीकरण प्रणालीको प्रभावकारी सञ्चालन, तथ्याङ्क अद्यावधिक, सामाजिक सुरक्षा व्यवस्थापन तथा अभिलेखको गुणस्तरीय व्यवस्थापनमार्फत नागरिकलाई छिटो, सहज र भरपर्दो सेवा प्रदान गरिनेछ।”

**पर्यटन प्रवर्द्धन र विकासः**

२४. “नगरपालिकाको पर्यटन क्षेत्रको दिगो विकास, स्थानीय रोजगारी सिर्जना तथा आर्थिक समृद्धिका लागि पर्यटकीय स्थलको संरक्षण, पूर्वाधार विकास, प्रचार—प्रसार

र पर्यटन उद्यम प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।"

**वन, वातावरण तथा जलाधारः**

२५. पालिकाको वन, वातावरण र पर्यावरणको संरक्षण सम्बन्धी कार्य गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२६. नगरपालिका क्षेत्रमा रहेका राजमार्ग तथा सडकहरु र नगर क्षेत्रमा बग्ने नदी खोलाहरुको अधिकार क्षेत्र किटान गरि सडक तथा खोला किनारामा बहु-उपयोगी विरुवाहरु वृक्षारोपणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२७. "नगरपालिकाभित्र रहेका जलाधार क्षेत्र, मुहान, नदी-नाला तथा जलस्रोतहरूको दीगो संरक्षण, संवर्द्धन र व्यवस्थापनलाई प्राथमिकता दिँदै जलाधार क्षेत्रको मर्मत-सम्भार, संरक्षण तथा स्वच्छता कायम गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । यस अन्तर्गत जलाधार क्षेत्रको सरसफाइ, वृक्षारोपण, भू-क्षय नियन्त्रण, जलस्रोत संरक्षण, प्रदूषण न्यूनीकरण तथा समुदायको सहभागितामा संरक्षणमूलक गतिविधिहरू सञ्चालन गरिनेछन्। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।"

**सभा अध्यक्षज्यू,**

**भौतिक पूर्वाधार, सहरी तथा बस्ती विकासः**

२८. लेकवेशी नगरपालिका वडा नं. ५ को सन्लेरी-दह-कफ्लेनी सडक निर्माण तथा स्तरउन्नती १५ लाख विनियोजन गरेको छु ।

२९. सडक बोर्ड नेपालसँगको सहकार्यमा गरिने नगर भित्रका सडकहरू स्तरोन्नति कार्यका लागि रू. ७२ लाख विनियोजन गरेको छु ।

३०. नगरपालिकाको लागि आवश्यक पर्ने मेशिन, औजार तथा उपकरण खरिदका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३१. लेकवेशी नगरपालिका वडा नं. १ अन्तर्गत शान्ती लिफ्ट बोरिङ्ग ईरिगेसन डिपको निर्माण कार्यको लागि रु. १५ लाख विनियोजन गरेको छु ।

३२. लेकवेशी नगरपालिका वडा नं. २ को बेलपोखरी देखि तल्लो बहरा जोड्ने सड्क स्तरउन्नतीको लागि २० लाख रकम विनियोजन गरेको छु ।

३३. लेकवेशी नगरपालिका वडा नं. १० को मटेले सिंजाली टोल सडक स्तरोन्नती कार्यको लागि रु. १५ लाख रुपैया विनियोजन गरेको छु ।

३४. बिर्कट्टा घुम्ति देखि गोलखाल्टा सडक स्तरोन्नती कार्यका लागि रु १५ लाख विनियोजन गरेको छु ।

३५. वडा नं. ९ मा चौरासे-बाखेकोट-घुचुके सडक निर्माणका लागि रू.१ करोड विनियोजन गरेको छु ।

३६. वडा नं. ८ को कुईनेपानी- लामिडाँडा - विसौनी सडक निर्माण कार्यको लागि २ करोड विनियोजन गरेको छु ।

३७. वडा नं. १ को अन्तर्गत जहडे - मिलडाँडा सडक स्तरोन्नति कार्यका लागि कुल रकम रू.२ करोड ५१ लाख लागत अनुमान भएकोमा चालु आ.व. मा उक्त कार्यका लागि रू.८१ लाख विनियोजन भई सडक स्तर्नोन्ती गरिएकोमा सो सडकलाई निरन्तरता दिई आ.ब. ०८३/०८४ का लागि रु. १ करोड ७० लाख विनियोजन गरेको छु ।

३८. जहरे - लेखगाँउ - दह सडक स्तरउन्नती कार्यका लागि १ करोड विनियोजन गरेको छु।

३९. स्थानीय सरकारबाट निर्माण तथा सञ्चालनमा रहेका सबै प्रकारका आयोजनाहरूको दिर्घकालिन व्यवस्थापन जनस्तरबाटै गर्नको लागि मर्मत सम्भार कोष स्थापना गरी आवश्यक रकम व्यवस्था गरेको छु ।

**नगर सभा अध्यक्षज्यू,**

**खानेपानी र सरसफाईः**

४०. लेकवेशी नगरपालिकामा "एक घर, एक धारा" नीति मार्फत स्वच्छ खानेपानी तथा पूर्ण सरसफाई कार्यक्रम र हेलो धारा परियोजना मार्फत मर्मत सम्भार कार्य गर्न

हेल्भेटास नेपालसँगको साझेदारीमा योजना सञ्चालनका लागि रू. १ करोड २९ लाख ३३ हजार विनियोजन गरेको छु ।

४१. "लेखफर्सा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको बृहत् खानेपानी आयोजनाको स्रोत थप तथा क्षमता विस्तारका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु।"

**सिँचाइ तथा ऊर्जा विकासः**

४२. अन्तर्गतको कल्यान टोल चिउरी आर.सि.सि. कुलो निर्माण कार्यको लागि १५ लाख विनियोजन गरेको छु ।

४३. लेकवेशी नगरपालिका वडा नं. १ अन्तर्गत मदनभण्डारी राजमार्ग सडक नजिकको पक्की कुलो देखि हाटबजार स्थल हुदै दत्त बहादुर टमट्टाको घरसम्म जोड्ने कुलो निर्माण १५ लाख विनियोजन गरेको छु ।

४४. वडा नं. ४ पुन्टोला देखि खत्री टोल सम्म आर सि सि सिंचाई कुलो निर्माण कार्यका लागि रू.१५ लाख विनियोजन गरेको छु ।

४५. वडा नं. ५ को प्याकुली खोला बाङ्गेडाँडा देखि किरीकिरे सिचाई कुलो निर्माण कार्यका लागि १५ लाख विनियोजन गरेको छु ।

४६. वडा नं. ७ को थोत्री, पिप्ले, ठुडे सिंचाई कुलो निर्माण कार्यका लागि रु. १५ लाख विनियोजन गरेको छु ।

४७. लेकवेशी नगरपालिका वडा नं. ६ अन्तर्गतको चिङ्गाढ खोला सिंचाई कुलो निर्माण कार्यको लागि रु. १५ लाख विनियोजन गरेको छु ।

४८. वडा नं. ८ को कुम्मीगैरा देखि कुईपानी सम्म सिँचाइ कुलो निर्माणको लागि रू.१५ लाख विनियोजन गरेको छु ।

४९. वडा नं. ९ को चौरासे पश्चिम साहु ढल देखि तिन्के दमार सिंचाई नाला निर्माण कार्यका लागि रु. १५ लाख विनियोजन गरेको छु ।

५०. वडा नं. २ को लेखगाउँमा पानी संकलन पोखरी निर्माण कार्यको लागि रु. १५ लाख विनियोजन गरेको छु ।

५१. वडा नं. १० को मुरी गैरा बीचकुलो सिचाई योजनाका लागि रु. १५ लाख विनियोजन गरेको छु ।

५२. वडा नं. ३ को ब्याँवरे सिचाई निर्माणका लागि १० लाख विनियोजन गरेको छु ।

५३. वडा नं. ३ को ब्याँवरे सिचाई कुलो निर्माण कार्यका लागि रु.१५ लाख विनियोजन गरेको छु ।

**सभा अध्यक्षज्यू,**

**गुणस्तरीय शिक्षा र मानव पुंजी विकासः**

५४. "सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि, सिकाइ उपलब्धि सुधार तथा विद्यालय शिक्षालाई थप प्रभावकारी र नतिजामुखी बनाउन नगरपालिकाबाट सञ्चालन हुँदै आएको नगर शिक्षण-सिकाइ अनुदान कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइनेछ । यस कार्यक्रममार्फत विद्यालयमा शिक्षण सिकाइ सहजीकरण, शैक्षिक सामग्री व्यवस्थापन, नवीन शैक्षिक अभ्यासको प्रवर्द्धन तथा विद्यार्थीको सिकाइ उपलब्धि सुधारमा सहयोग पुऱ्याइनेछ । यसका लागि रू. ६८ लाख २५ हजार बजेट विनियोजन गरिएको छ।"

५५. यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदानका लागि आवश्यक बजेट रु. १ करोड ४० लाख ९५ हजार विनियोजन गरेको छु ।

५६. "नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको पोषण अवस्था सुधार, नियमित विद्यालय उपस्थितिमा वृद्धि तथा सिकाइ उपलब्धि अभिवृद्धि गर्ने उद्देश्यले दिवा खाजा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । कार्यक्रमको गुणस्तर, पोषणयुक्त खाद्य सामग्रीको सुनिश्चितता तथा प्रभावकारी व्यवस्थापनका लागि रू.१ करोड १६ लाख ९३ हजार बजेट विनियोजन गरेको छु।"

५७. "सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई स्थानीय परिवेश, संस्कृति, इतिहास तथा भाषासँग परिचित गराउँदै गुणस्तरीय र समावेशी शिक्षाको सुनिश्चितता गर्न स्थानीय विषय तथा मातृभाषाका पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराइने व्यवस्था गरिएको छ । यस कार्यक्रममार्फत स्थानीय ज्ञान, सीप, संस्कार तथा भाषाको संरक्षण र प्रवर्द्धनमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।"

५८. नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा अध्ययनरत विपन्न छात्रछात्राहरूका लागि विपन्न लक्षित छात्रवृत्तिका लागि छनोट भएका कक्षा ६ देखि १२ मा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति उपलब्ध गराउन आवश्यक रु. २२ लाख ९८ हजार विनियोजन गरेको छु ।

५९. "सामुदायिक विद्यालयहरूको शैक्षिक, प्रशासनिक तथा भौतिक व्यवस्थापनलाई प्रभावकारी बनाउँदै गुणस्तरीय शिक्षा प्रवाह सुनिश्चित गर्न विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ। यस कार्यक्रममार्फत विद्यालयको दैनिक सञ्चालन, शैक्षिक वातावरण सुधार, व्यवस्थापकीय क्षमता अभिवृद्धि तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सहयोग पुऱ्याइनेछ । यसका लागि रु. ४६ लाख ३५ हजार बजेट विनियोजन गरेको छु ।"

६०. "बालबालिकाको सर्वाङ्गीण विकासका लागि प्रारम्भिक बाल विकास कार्यक्रमको प्रभावकारी सञ्चालन तथा सामुदायिक विद्यालयहरूको व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न प्रारम्भिक बाल विकास सहजकर्ताहरूको पारिश्रमिक र विद्यालय कर्मचारी व्यवस्थापन अनुदान कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइनेछ । शिक्षाको आधारभूत तहलाई थप सुदृढ, गुणस्तरीय र बालमैत्री बनाउन आवश्यक बजेट विनियोजन गरेको छु।"

६१. "सार्वजनिक विद्यालयमा अध्ययनरत आर्थिक, सामाजिक तथा भौगोलिक रूपमा पछाडि परेका, विपन्न, दलित, जनजाति, अपाङ्गता भएका तथा जेहेन्दार विद्यार्थीहरूको शिक्षामा पहुँच र निरन्तरता सुनिश्चित गर्न आवासीय तथा गैरआवासीय छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यक्रममार्फत विद्यार्थीहरूलाई अध्ययनमा प्रोत्साहन, विद्यालय छाड्ने दर न्यूनीकरण तथा समावेशी र गुणस्तरीय शिक्षाको

सुनिश्चितततामा टेवा पुग्नेछ । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।"

६२. "नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूको समग्र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न नगर शिक्षा सुधार कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रम अन्तर्गत शिक्षण सिकाइ प्रक्रिया सुधार, शिक्षकको पेशागत क्षमता विकास, शैक्षिक नेतृत्व सुदृढीकरण, सिकाइ उपलब्धिको नियमित मूल्याङ्कन, प्रविधिमैत्री शिक्षाको प्रवर्द्धन तथा विद्यालयमा गुणस्तरीय शैक्षिक वातावरण निर्माणका कार्यहरू सञ्चालन गरिनेछ। यसका लागि रू.२० लाख विनियोजन गरेको छु ।"

६३. "सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूको महिनावारी स्वास्थ्य तथा सरसफाइ व्यवस्थापनलाई सहज, सुरक्षित र मर्यादित बनाउन निःशुल्क स्यानिटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ । यस कार्यक्रममार्फत छात्राहरूको विद्यालय उपस्थितिमा वृद्धि, विद्यालय छाड्ने दर न्यूनीकरण, प्रजनन स्वास्थ्यसम्बन्धी सचेतना अभिवृद्धि तथा विद्यालयमा लैङ्गिकमैत्री वातावरण निर्माणमा टेवा पुर्‍याइनेछ । कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि लागि रु. १७ लाख १४ हजार विनियोजन गरेको छु ।"

६४. "सामुदायिक विद्यालयहरूमा गुणस्तरीय शिक्षाको पहुँच विस्तार, शिक्षण-सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउने तथा विद्यालय व्यवस्थापनलाई नतिजामुखी बनाउने उद्देश्यले प्रति विद्यार्थी लागतका आधारमा शिक्षण-सिकाइ व्यवस्थापन अनुदान उपलब्ध गराइनेछ । विद्यार्थी सङ्ख्या, आवश्यकता तथा कार्यसम्पादनलाई आधार मानी प्रदान गरिने यस अनुदानमार्फत शैक्षिक सामग्री व्यवस्थापन, सिकाइ वातावरण सुधार, शैक्षिक गतिविधि सञ्चालन तथा विद्यालयको समग्र शैक्षिक गुणस्तर अभिवृद्धिमा सहयोग पुर्‍याइनेछ। यसका लागि रु. १४ लाख ९० हजार विनियोजन गरेको छु ।"

६५. "शिक्षामा सबै नागरिकको पहुँच सुनिश्चित गर्दै आजीवन सिकाइको अवधारणालाई प्रवर्द्धन गर्न अनौपचारिक तथा परम्परागत शिक्षा सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै, सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि, सिकाइ उपलब्धि सुधार तथा विद्यालय व्यवस्थापन सुदृढीकरणका लागि शैक्षिक कार्यक्रम अनुदान उपलब्ध गराइनेछ । शैक्षिक क्षेत्रको पारदर्शिता, उत्तरदायित्व, सहभागिता

र नतिजामुखी व्यवस्थापनलाई संस्थागत गर्न शैक्षिक सुशासन प्रवर्द्धनसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । यी कार्यक्रममार्फत समावेशी, गुणस्तरीय र जीवनोपयोगी शिक्षाको विकासमा टेवा पुऱ्याउन रु. ५२ लाख ४३ हजार बजेट विनियोजन गरेको छु ।"

६६. "नगरपालिका भित्रका विद्यालयहरूको भौतिक अवस्थाको यथार्थ जानकारी संकलन गरी योजनाबद्ध पूर्वाधार विकासलाई सुनिश्चित गर्न विद्यालयहरूको विस्तृत भौतिक पूर्वाधार सर्वेक्षण तथा प्रतिवेदन तयारी कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु । साथै, स्वीकृत विद्यालय गुरुयोजनाको आधारमा सुरक्षित, बालमैत्री, समावेशी तथा गुणस्तरीय शैक्षिक वातावरण निर्माण गर्न विद्यालय पूर्वाधार विकास कार्यक्रमका लागि रु. **२८ लाख** बजेट विनियोजन गरेको छु । यस कार्यक्रममार्फत विद्यालय भवन, कक्षाकोठा, शौचालय, खानेपानी, घेराबार तथा अन्य आवश्यक शैक्षिक पूर्वाधारहरूको विकास र स्तरोन्नति गरिनेछ ।"

६७. "लेकवेशी नगरपालिकाको शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धि, समावेशी पहुँच विस्तार तथा विद्यालय शिक्षालाई नतिजामुखी बनाउन संघीय तथा प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान तथा विभिन्न शैक्षिक कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु । यस रकमबाट शिक्षक व्यवस्थापन, शिक्षण-सिकाइ सुधार, विद्यालय पूर्वाधार विकास, छात्रवृत्ति, दिवा खाजा तथा अन्य शैक्षिक कार्यक्रमहरू सञ्चालन गरी समग्र शिक्षा प्रणाली सुदृढ गरिनेछ।"

**स्वास्थ्य सेवाः**

६८. यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूका लागि आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि आवश्यक औषधी एवं औषधीजन्य उपकरण खरिदका लागि रू.१५ लाख विनियोजन गरेको छु ।

६९. "नगरको स्वास्थ्य प्रणालीलाई प्रभावकारी, उत्तरदायी तथा नतिजामुखी बनाउन स्वास्थ्य व्यवस्थापनलाई थप सुदृढ गरिनेछ । स्वास्थ्य संस्था सुदृढीकरण, मानव संसाधन व्यवस्थापन, औषधि आपूर्ति प्रणाली सुधार, स्वास्थ्य सेवा प्रवाहको गुणस्तर अभिवृद्धि तथा जनस्वास्थ्य प्रवर्द्धनका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । यसका लागि रु. ४ लाख विनियोजन गरेको छु ।"

७०. परिवार कल्याण कार्यक्रम अन्तर्गत प्रजनन रुग्णता स्वास्थ्य सेवा, परिवार योजना सेवा, किशोर किसोरी स्वास्थ्य सेवा, पोषण कार्यक्रम, आमा सुरक्षा, गर्भवती उत्प्रेणा सेवा, रक्त संचार, न्यानो झोला कार्यक्रम, सुरक्षित निशुल्क गर्भपतन, नवजात शिशुको निशुल्क उपचार कार्यक्रम, सस्थानीय तहको साझेदारीमा नियमित खोप सुदृढीकरण कार्यक्रम, नियमित खोपमा विद्यालय केन्द्रीत खोप अभियान संचालन, सरसफाई प्रवद्र्धन कार्यक्रमको निरन्तरता, खोपबाट बचाउन सकिने रोगहरुको खोज पडताल तथा निगरानी, खोप महिना, पूर्ण खोप सुनिश्चितता र दिगोपनका लागि ब्यवस्थापन र CBIMNCI कार्यक्रम लागि रु. ४४ लाख बजेट विनियोजन गरेको छु।

७१. राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोसाक प्रोत्साहन र यातायात खर्च), आकस्मिक अवस्थामा औषधि एवं ल्याब सामाग्री ढुवानी र स्थलगत अनुशिक्षण तथा सुपरवेक्षण तथा सहयोग कार्यक्रमको योजना तर्जुमा तथा कोहर्ट विश्लेषण क्षयरोग मुक्त अभियानका लागि आवश्यक कार्यक्रमका लागि रु. ५७ लाख बजेट विनियोजन गरेको छु ।

७२. मदिराजन्य तथा सुर्तीजन्य पदार्थ नियमन तथा नियन्त्रणका लागि बैठक, अनुगमनका साथै यसका न्यूनिकरणका लागि संचार कार्यक्रम, नागरिक आरोग्य सेवा केन्द्र संचालन तथा अभियान कार्यक्रमका लाग रु. ६ लाख बजेट विनियोजन गरेको छु।

७३. घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम तथा मृगौला प्रत्यारोपण गरेका, डायलायसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरूलाई औषधि उपचार खर्च बापत मासिक रु ५ हजार दरले उपलब्ध गराइने रकमका लागि रु. २९ लाख बजेट विनियोजन गरेको छु ।

७४. "जनस्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राख्दै महामारीजन्य रोगहरूको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि महामारी रोग नियन्त्रण कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । साथै, आधारभूत तथा विशेषज्ञ उपचारात्मक स्वास्थ्य सेवाको पहुँच विस्तार गरी नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन उपचारात्मक सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसका लागि रु. १६ लाख बजेट विनियोजन गरेको छु ।"

७५. आधारभुत स्वास्थ्य सेवाको गुणस्तर सुधारको लागि आवश्यक स्वास्थ्य उपकरण, प्रयोगशाला सामग्री तथा बर्थिङ्ग सेन्टरको लागि उपकरण खरिदका लागि रु. २० लाख बजेट विनियोजन गरेको छु ।

७६. "पोषणमैत्री स्थानीय तह घोषणाको लक्ष्यलाई सफलतापूर्वक कार्यान्वयन गर्न तथा बहुक्षेत्रीय पोषण सुधार कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न रु. **७७ लाख** बजेट विनियोजन गरेको छु । यस कार्यक्रममार्फत पोषण सचेतना अभिवृद्धि, कुपोषण न्यूनीकरण, आमा तथा बाल स्वास्थ्य सुधार, पोषणयुक्त खाद्य उपभोग प्रवर्द्धन तथा स्वास्थ्य, शिक्षा, कृषि लगायतका क्षेत्रबीच समन्वय सुदृढ गरी पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन गरिनेछ।"

७७. "मातृ तथा शिशु स्वास्थ्य सुधार, सुरक्षित मातृत्व प्रवर्द्धन तथा पोषणयुक्त आहारको सुनिश्चितता गर्ने उद्देश्यले सुत्केरी पोषण तथा कोसेली कार्यक्रमलाई निरन्तरता दिइनेछ । यस कार्यक्रममार्फत सुत्केरी महिलाहरूलाई आवश्यक पोषण सामग्री उपलब्ध गराई मातृ तथा नवजात शिशुको स्वास्थ्य अवस्था सुधार गरिनेछ । साथै, समुदायस्तरमा स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन भत्ता उपलब्ध गराइने व्यवस्था गरिएको छ । यी कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।"

**सभा अध्यक्षज्यू,**

**युवा तथा खेलकुदः**

७८. नगरस्तरीय खेलकुद विकास कार्यक्रम र राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनका लागि रू.१५ लाख विनियोजन गरेको छु ।

**समाज कल्याण तथा सामाजिक विकासः**

७९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लक्षित कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

८०. "गरिब, विपन्न तथा आर्थिक रूपमा पछाडि परेका परिवारहरूको जीवनस्तर सुधार तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्ने उद्देश्यले 'गरिबसँग विश्वेश्वर÷ कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रममार्फत लक्षित परिवारहरूको पहिचान,

आवश्यक सहयोग तथा आयआर्जनमुखी गतिविधिमा संलग्न गराई उनीहरूको आर्थिक सशक्तीकरणमा योगदान पुऱ्याइनेछ। यसका लागि रु. ४ **लाख** बजेट विनियोजन गरेको छु ।"

८१. सामाजिक न्याय, सामाजिक समानता र समता, सामाजिक सुरक्षा तथा संरक्षणको माध्यमबाट सामाजिक र आर्थिक रूपमा पछाडी परेका वर्ग, समुदाय र जातिको उत्थान, अनाथ र असहाय बालबालिकाको लागि "बालबालिका संरक्षण कोष" लाई प्रभावकारी कार्यान्वयन, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवं लैङ्गिक तथा यौनिक अल्पसंख्यकको हित, संरक्षण र समस्या सम्बोधन गर्न प्रदेश सरकार र संघीय सरकारसँग समन्वय र सहकार्य, सामाजिक सुरक्षा भत्ता र व्यक्तिगत घटना दर्ता कार्यलाई प्रभावकारी बनाउन, सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सरल र सहज बनाउन रकम आवश्यक रकम विनियोजन गरेको छु ।

**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनः**

८२. "नगरपालिकाभित्र विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी, समन्वयात्मक तथा तत्काल प्रतिकार्ययोग्य बनाउन विपद् व्यवस्थापन कोषलाई सुदृढ गरिनेछ । यस कोषमार्फत विपद् जोखिम न्यूनीकरण, आकस्मिक राहत तथा उद्धार, क्षतिग्रस्त संरचनाहरूको पुनःस्थापना तथा प्रभावित नागरिकहरूलाई आवश्यक सहयोग प्रदान गर्ने कार्यहरू सञ्चालन गरिनेछ । विपद् प्रतिकार्य क्षमतालाई थप प्रभावकारी बनाउन यस कोषका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।"

८३. विपद् जोखिममा परेका नागरिकहरूको तत्काल उद्धार तथा राहत वितरण, क्षतिग्रस्त सार्वजनिक तथा निजी संरचनाको पुनःनिर्माण तथा पुनःस्थापनाका कार्यहरूलाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ । साथै, विपद् व्यवस्थापन कोषलाई सुदृढ गरी आवश्यक स्रोत साधनको सुनिश्चितता गरिनेछ । यसको लागि चाहिने आवश्यक रकम विनियोजन गरेको छु ।

**सञ्चार तथा सूचना प्रविधिः**

८४. प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

८५. पालिकाको सेवा प्रवाहलाई चुस्त दुरूस्त पार्न सूचना प्रणाली व्यवस्थापन, विद्युतिय हाजिरी सञ्चालन तथा व्यवस्थापन लगायतका कार्यहरू गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**सभा अध्यक्षज्यू,**

**सुशासन प्रवर्द्धन र सार्वजनिक सेवा प्रवाहः**

८६. "नगरपालिकाको न्यायिक समितिबाट सम्पादन हुने न्यायिक कार्यलाई थप प्रभावकारी, पारदर्शी र नतिजामूलक बनाउन न्यायिक समितिका पदाधिकारी तथा सूचीकृत मेलमिलापकर्ताहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यक्रममार्फत कानुनी ज्ञान, विवाद समाधान सीप, मेलमिलाप प्रविधि तथा सेवा प्रवाहको गुणस्तर सुधार गर्दै स्थानीय तहमा न्यायमा सहज पहुँच सुनिश्चित गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।"

८७. सेवा करारमा कार्यरत कर्मचारीहरूको कार्यसम्पादन, अनुभव, दक्षता, जिम्मेवारी तथा नगरपालिकाको आन्तरिक राजश्वलाई मध्यनजर गर्दै तलब तथा पारिश्रमिकमा आवश्यक पुनरावलोकन र वृद्धि गरेको छु । जसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८८. "नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई थप प्रभावकारी, उत्तरदायी तथा गुणस्तरीय बनाउन नियमित रूपमा सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यक्रममार्फत सेवा प्रवाहको पारदर्शिता, जवाफदेहिता तथा नागरिक सहभागिता अभिवृद्धि गर्दै स्थानीय तहमा सुशासनलाई संस्थागत गरिनेछ । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।"

८९. "नगरपालिकाको शासकीय प्रबन्धलाई सुदृढ गर्दै प्रशासनिक तथा वित्तीय प्रणालीलाई मितव्ययी, पारदर्शी, उत्तरदायी र चुस्त-दुरुस्त बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । आयोजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, सेवा प्रवाहलाई प्रविधिमैत्री तथा सेवाग्राहीमैत्री बनाउने, तथा समग्र सेवा गुणस्तर अभिवृद्धि गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ । साथै, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई मापनयोग्य र परिणाममुखी बनाउँदै LGPAS का सूचकहरूमा नगरपालिकाको कार्यसम्पादनलाई थप सुदृढ गर्दै उत्कृष्ट स्थानीय तहको रूपमा

स्थापित गर्ने लक्ष्य लिइनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।"

९०. नगरपालिकाको संस्थागत विकास, आर्थिक विकास, सामाजिक विकास र भौतिक पूर्वाधारको विकासका लागि नेपाल सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, स्थानीय छिमेकी पालिका, सरकारी तथा गैर सरकारी संघसंस्था र दातृ निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**बजेट कार्यान्वयनमा प्रभावकारिता तथा पुँजीगत खर्चमा सुधारः**

९१. "चालु प्रकृतिका प्रशासनिक खर्चमा अधिकतम मितव्ययिता अपनाउँदै सार्वजनिक स्रोतको दक्ष र प्रभावकारी उपयोग सुनिश्चित गरिनेछ । चालु खर्चलाई उत्पादनमुखी बनाउँदै पुँजीगत खर्च तथा नागरिक सेवा प्रवाहसँग प्रत्यक्ष रूपमा आवद्ध गरिने नीति अवलम्बन गरिनेछ । साथै, नगरपालिकाको राजस्व परिचालन क्षमता अभिवृद्धि हुने र सामाजिक न्याय प्रवर्द्धनमा टेवा पुग्ने गरी सार्वजनिक खर्चलाई प्राथमिकता तथा परिणाममुखी आधारमा निर्देशित गरिनेछ । यसले स्रोत साधनको न्यायोचित वितरण र समावेशी विकासलाई सुदृढ गर्ने अपेक्षा गरिएको छ ।"

९२. बजेट विनियोजन कुशलता कायम गरी कार्यान्वयन प्रति जवाफदेही बनाउन खर्च गर्ने निकाय वा क्रियाकलाप एकीन नगरी एकमुष्ट रकम विनियोजन गर्ने प्रवृत्तिलाई निरूत्साहित गरिनेछ ।

९३. स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएको कार्यक्रमको कार्यान्वयनको लागि छुट्टै निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउनुपर्ने भएमा सो कानुन तर्जुमा गरी स्थानीय राजपत्र र नगरपालिकाको वेवसाइटमा प्रकाशन गर्नुपर्ने व्यवस्थालाई निरन्तरता दिएको छु ।

९४. "नगरपालिकाको वित्तीय अनुशासन र वित्तीय व्यवस्थापनलाई थप व्यवस्थित, पारदर्शी र सुदृढ बनाउन आर्थिक प्रशासनसम्बन्धी प्रचलित कानूनहरूको पूर्ण परिपालना सुनिश्चित गरिनेछ । आन्तरिक नियन्त्रण प्रणाली तथा आन्तरिक लेखा परीक्षण प्रणालीलाई थप प्रभावकारी बनाउँदै वित्तीय कारोबारलाई उत्तरदायी, प्रमाणित र नतिजामूलक बनाइनेछ । साथै, बेरुजु न्यूनीकरणलाई प्राथमिक लक्ष्यका रूपमा लिई वित्तीय सुशासन कायम गर्ने कार्यलाई सुदृढ गरिनेछ । यसका लागि आवश्यक संस्थागत र प्रक्रियागत सुधारलाई निरन्तरता दिइनेछ।"

**नगर सभाका सभाध्यक्ष ज्यू,**

यस लेकवेशी नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि कुल जम्मा ६९ करोड ३९ लाख २४ हजार ६ सय १ रूपैयाँ मात्र विनियोजन गरेको छु । कुल विनियोजित बजेट मध्ये चालु तर्फ ४६ करोड ४१ लाख ९१ हजार ६ सय १ रूपैयाँ र पूँजिगत तर्फ २२ करोड ९८ लाख ३३ हजार रूपैयाँ विनियोजन गरेको छु ।

आगामी आर्थिक वर्ष २०८३/०८४ मा अनुमान गरिएको खर्च मध्ये आन्तरिक श्रोतबाट ५ करोड ९० लाख १२ हजार ५ सय, संघीय सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदानबाट रु. ११ करोड ४५ लाख, संघीय सरकारबाट प्राप्त सशर्त अनुदान चालुबाट रु. २८ करोड २९ लाख रूपैयाँ, संघीय सरकारबाट प्राप्त सशर्त अनुदान पुँजीगतबाट रु. २८ लाख, संघीय राजश्व बाँडफाँड रु. ११ करोड ४१ लाख ४० हजार, संघीय सरकारबाट प्राप्त विशेष अनुदान रु. ७७ लाख, संघीय सरकारबाट प्राप्त समपूरक अनुदानबाट रू.१ करोड ६२ लाख, प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु. १ करोड ५६ लाख ३३ हजार, प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँड २६ लाख ४९ हजार १ सय १ रूपैयाँ, प्रदेश सरकार सशर्त अनुदान चालुबाट ३२ लाख ९० हजार, प्रदेश सरकार सशर्त अनुदान पुँजीगतबाट ४ करोड २० लाख, प्रदेश सरकार विशेष अनुदान चालुबाट ४० लाख, प्रदेश सरकार समपुरक अनुदान पुँजीगतबाट १ करोड ५० लाख, स्थानीय राजश्व बाँडफाडबाट ७० लाख, सडक बोर्ड नेपालबाट ७२ लाख, जनसहभागिताबाट १ करोड ६५ लाख र पालिकाको चालु वर्षको बैंक मौज्दात २ करोड रूपैयाँलाई आधार लिइएको छ ।

**नगर सभाका सभाध्यक्ष ज्यू,**

"यस बजेट तर्जुमाको प्रक्रियामा मार्गदर्शन प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरू प्रति नगरपालिकाको तर्फबाट हार्दिक सम्मान तथा आभार प्रकट गर्दछु । बजेटका सिद्धान्त, प्राथमिकता तथा नगरपालिकाको नीति र कार्यक्रम निर्माणका क्रममा अमूल्य सल्लाह, सुझाव, प्रतिक्रिया तथा राय-अभिमत प्रदान गर्नुहुने सम्पूर्ण सरोकारवालाहरू प्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

बजेट तर्जुमा प्रक्रियामा सक्रिय रूपमा सहभागिता जनाई महत्वपूर्ण सुझाव प्रदान गर्नुहुने सबैलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । यस प्रक्रियामा प्राप्त सुझाव, सहयोग र सहकार्यलाई आगामी दिनमा बजेट कार्यान्वयनको चरणमा समेत निरन्तरता दिइने विश्वास व्यक्त गर्दै सबै पक्षसँगको सहकार्यलाई अझ सुदृढ बनाइने प्रतिबद्धता व्यक्त गर्दछु ।"

अन्तमा “यस लेकवेशी नगरपालिकाको नगरसभाको १९औं अधिवेशनका सभाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरू, सम्पूर्ण कर्मचारीज्यूहरू तथा उपस्थित पत्रकार मित्रहरू प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु। प्रस्तुत बजेट तथा कार्यक्रमका सम्बन्धमा यहाँहरूबाट प्राप्त हुने रचनात्मक सुझाव, मार्गदर्शन तथा सल्लाहले बजेटलाई अझ प्रभावकारी बनाउन महत्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु। यस बजेटलाई सर्वसम्मत रूपमा पारित गर्न यहाँहरूको सहयोग प्राप्त हुने अपेक्षा गर्दै, पारित पश्चात् यसको सफल कार्यान्वयनका लागि समेत आ—आफ्नो क्षेत्रबाट निरन्तर सहयोग रहने विश्वास व्यक्त गर्दछु। अन्त्यमा, सबैप्रति हार्दिक कृतज्ञता सहित धन्यवाद ज्ञापन गर्दछु।”

**धन्यवाद !**

**विमला खड्लुक**
**नगर उप-प्रमुख**